प्रकाशित मिति : २०८३-०२-२६

संशोधित मिति : २०८३-०२-२७

# त्रिभुवन विश्वविद्यालय
## परीक्षा नियन्त्रण कार्यालय
## बल्खु, काठमाडौं

## 3-Yrs LL.B 1st Year-2082 New Course (Regular) and Partial-2081 With Old Course(Partial)-2081

## ३ वर्षे स्नातक तह एलएल.वि. प्रथम वर्षको नयाँ पाठ्यक्रम अनुसार नियमित तथा आंशिक र पुरानो पाठ्यक्रम अनुसार आंशिक परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फाराम भर्ने सम्बन्धि सूचना।

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०८३ सालमा संचालन हुने ३ वर्षे स्नातक तह एलएल.वि. प्रथम वर्षको नयाँ पाठ्यक्रम अनुसार २०८२ को नियमित तथा २०८१ को आंशिक र पुरानो पाठ्यक्रम अनुसार २०८१ को आंशिक परीक्षा दिने परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउन हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

***नोट: त्रि.वि.प्राज्ञिक परिषदको मिति २०८१-१२-२२ को बैठकको निर्णय नम्बर १२१ अनुसार शैक्षिक सत्र २०८०/२०८१ र २०८१/२०८२ लाई मिलान गरि शैक्षिक सत्र २०८१/२०८२ कायम गरिएको ।***

**१. परीक्षा आवेदन फारम सम्बन्धमा**

- क) परीक्षा आवेदन फाराम Online मार्फत क्याम्पस/कलेजहरुले फाराममा तोकिएका कागजातहरु प्रविष्ट गरी फाराममा सम्पूर्ण विवरण भर्नु पर्नेछ । अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन ।
- ख) नयाँ पाठ्यक्रमको हकमा ३ वर्षे स्नातक तह २०८२ सालमा भर्ना भएका परीक्षार्थीहरुले प्रथम बर्षको नियमित परीक्षा फाराम भर्न पाउनेछन साथै आंशिक परीक्षार्थीहरुको हकमा ३ वर्षे स्नातक तह २०७५ सालमा भर्ना भई २०७६ सालमा प्रथम पटक प्रथम बर्षको परीक्षा दिएका परीक्षार्थीहरुले २०८१ को आंशिक परीक्षा फाराम भर्न पाउनेछन् ।
- ग) पुरानो पाठ्यक्रमको हकमा ३ वर्षे स्नातक तह २०७४ सालमा भर्ना भई २०७५ सालमा प्रथम पटक प्रथम बर्षको परीक्षा दिएकाहरुको लागि यो प्रथम बर्षको आंशिक परीक्षा अन्तिम पटक हुनेछ ।
- घ) नियमित वाहेक सबै परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम माथि अघिल्लो पटकको सिम्बोल नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
- ङ) परीक्षा आवेदन फाराम भर्नको लागि White Background मा हालसालै खिचेको पासपोर्ट साइजको फोटो हुनु पर्नेछ ।

च) परीक्षा संचालन अवधि सम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ ।

## २. परीक्षा आवेदन फाराम भर्ने शुल्क बुझाउने म्याद सम्बन्धमा

क) नियमित तथा आंशिक परीक्षा दिने परीक्षार्थीहरुले **मिति २०८३-०२-२६ गते देखि २०८३-०३-२६ गते सम्म** नियमित दस्तुर बुझाई तथा **२०८३ असार ३१ गते देखि** साउन ०५ गते सम्म दोब्बर दस्तुर तिरी सम्बन्धित क्याम्पस/कलेजमा Online परीक्षा फाराम बुझाईसक्नु पर्नेछ ।

ख) काठमाडौं उपत्यकाका क्याम्पस/कलेजहरुले त्रि.वि.प.नि.का. को नाममा जम्मा गरेको आवेदन फारामको नियमित शुल्क बुझाएको बैंक भौचर २ दिनभित्र **(२०८३/०३/३० गतेसम्म)** तथा सम्पूर्ण परीक्षार्थीहरुको परीक्षा आवेदन फारामको ब्याच विवरण सूची अनिवार्य रुपमा त्रि.वि.प.नि.का.,बल्खु तथा उपत्यका बाहिरका क्याम्पस/कलेजहरुले सम्बन्धित क्षे.प.नि. का. मा बुझाउनु पर्नेछ । साथै दोब्बर दस्तुर तिरेको बैंक भौचर पनि अन्तिम मिति को २ दिन भित्र प.नि.का. तथा सम्बन्धित क्षे.प.नि.का. मा बुझाउनु पर्नेछ ।

ग) परीक्षा फारामहरु बुझाउँदा सम्बन्धित क्षे.प.नि.का.मा बैंक भौचर सहित लेखा शाखामा फाराम रुजु गराएर सम्बन्धित फाराम शाखामा बुझाउनु पर्नेछ।

## ३. परिक्षा शुल्क सम्बन्धमा

| क्र.सं. | विवरण | शुल्क (रु.) |
|---|---|---|
| क | नियमित/आंशिक परीक्षार्थीका लागि प्रति खण्ड शुल्क | ४७० |
| ख | परीक्षा आबेदन फाराम शुल्क | ६० |
| ग | परिक्षा केन्द्र शुल्क | १०० |
| घ | प्रयोगात्मक परीक्षा प्रति विषयका लागि | १५० |
| ङ | प्रयोगात्मक परीक्षा दुई वा दुई भन्दा बढी विषयका लागि शुल्क | २७५ |

## ४. परीक्षा शुल्क बुझाउने सम्बन्धमा

क) काठमाडौं उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर बल्खु परिसर भित्र रहेका ग्लोबल आईएमई बैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१०००००५०० मा वा नेपाल बैंक लिमिटेडको आम्दानी खाता नं. ०४५००१०००९९१०८००००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी प.नि.का. को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फारामका साथ अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ख) क्षे.प.नि.का. पोखरा क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क क्षे.प.नि.का., पोखरा स्थित नेपाल बैंक लिमिटेड, बगर शाखाको खाता नं. ०९१००१०११०१३४००००००१ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ ।

ग) क्षे.प.नि.का. विराटनगर क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क क्षे.प.नि.का, विराटनगर स्थित नेपाल बैंक लिमिटेड, बजार अड्डा शाखाको खाता नं. १०४००१००९२२१२००००००१ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ ।

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खु, काठमाडौं

घ) क्षे.प.नि.का.बर्दिबास क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क क्षे.प.नि.का., बर्दिबास स्थित नेपाल वैंक लिमिटेडको आम्दानी खाता नं. २५४००१०८०४१०६८००००००२ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ङ) क्षे.प.नि.का. नेपालगंज क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क क्षे.प.नि.का., नेपालगंज स्थित ग्लोवल आईएमई बैंक लिमिटेड, त्रिभुवन चोक, बाँके खाता नं. २१०१०१००००००७६ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ ।

..............................

परीक्षा नियन्त्रक

त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
बल्खु, काठमाडौं